संगीको अर्न्तदृष्टि

रङ, रुप र आत्मसंवादको यात्रा

तीन दशकभन्दा लामो समयदेखि कलाकर्ममा सक्रिय कलाकार संगी श्रेष्ठले अहिलेसम्मका सयौं कलाकृति सिर्जना गरिसकेकी छिन्। तीमध्ये पछिल्ला दुई वर्षमा सिर्जित १ सय १६ थान कलाकृतिका साथ अहिले ठमेलको छायाँ सेन्टरमा रहेको द कला सलुनमा एकल प्रदर्शनीमा प्रस्तुत भएकी छिन्।

कला पारखीहरूलाई उनको यसपटकको एकल कला प्रदर्शनीले विगतको भन्दा फरक र नौलो अनुभव गराउँछ। किनभने यसपटक उनले आफ्नो एकल कला प्रदर्शनीमा पेन्टिङ मात्र होइन, सेरामिक कला पनि राखेकी छिन्। पछिल्लो समय सेरामिक कलामा पनि चर्चा बटुल्दै आएकी संगी आफ्नो सेरामिक कलाकारिताबारे भन्छिन्, 'सेरामिक कला सिर्जनाको क्रममा म माटोलाई हातले आकार दिन्छु र पृथ्वीभित्रको ऊर्जा महसुस गर्छु। माटोसँग खेल्दा बेग्लै आत्मसन्तुष्टिको महसुस गर्नेगर्छु।'

अन्तर्दृष्टि शीर्षकमा प्रस्तुत उनका यस एकल कला प्रदर्शनीका चित्रकला प्रभावकारी देखिन्छन्। ती सिर्जनाले ग्यालरीमा प्रवेश गर्नासाथ कलापारखीलाई त्यसका प्रभाव महसुस गराउँछ। आफू अलि ढिलो गतिमा काम गर्ने बताउने संगीले त्यति धेरै सिर्जना दुई वर्षमै कसरी मात्र गरिन् होला ? भन्ने लाग्न सक्छ। यसका लागि उनको धैर्यता र लगनशीलताले काम गरेको छ। संगीका चित्रकलाको प्रमुख विशेषता भनेको उनका सिर्जनामा देखिने ज्यामितीय आकार हुन्। विभिन्न ज्यामितीय आकारलाई लयबद्ध तरिकाको प्रयोगले उनका सिर्जनाहरू पृथक देखिन्छन्। उनका यही विशेषताले नै कलाजगत्मा उनलाई छुट्टै पहिचान दिलाई स्थापित गरेको छ। *अन्तर्दृष्टिमा* उनका यस विशेषता थप प्रभावकारी देखिन्छ। 'चित्रकलामा म आफ्नै मौलिक शैलीमा कलाकृतिहरू रचना गर्छु, जहाँ आयत, वर्ग र बहुभुजजस्ता ज्यामितीय रूप प्रयोग हुन्छन्। जस्ले आधुनिक मानवीय यान्त्रिक जीवनतर्फ संकेत गर्छ। म पत्र-पत्र रङ, टेक्स्चरका तह प्रयोग गर्दै काम गर्छु। हाम्रा परम्परा, अनुष्ठान, अध्यात्म, मूल्य-मान्यता र यससँग सम्बन्धित विभिन्न प्रतीकले आजसम्म पनि मेरो कलात्मक यात्रामा गहिरो प्रभाव पारेको छ। ती सबले भौतिक सीमाभन्दा परको अर्थ बोकेका छन्' संगी सुनाउँछिन् 'अनि म ती सबैलाई आफ्नो अस्तित्वको रूपमा स्विकार्दु र सम्मान गर्छु। हाल मेरा रङ संयोजनहरू गाढा र मधुरतर्फ सरेको छ। पहिलो नजरमा गम्भीर देखिने रङ र छायाँहरूभित्र शान्त शक्ति लुकेको अभाष गराउँछ। यी रङले पीडाको होइन, गहिरो चिन्तनका भाव महसुस गराउँछन्। जसले प्रतिबिम्बको गहिराइ, सहनशीलता र अन्तर्मनको शक्ति झल्काउँछ। वास्तवमा गाढा रङ शून्यता होइनन्। ती रङले दर्शकलाई बिस्तारै गहिरो रूपमा भावनाको सतहमा पुग्न प्रेरित गर्दछ। म विश्वास गर्छु मेरा कृतिले दर्शकमाथि हावी हुँदै बोल्दैन, समानान्तर हुँदै बोल्छ।'

कला प्रदर्शनीका क्युरेटर सोफिया एल. पाण्डे भन्छिन्, 'संगी श्रेष्ठ एक असाधारण कलाकार हुन्। गहिरो अन्तर्ज्ञान र अन्तर्दृष्टिकासाथ उनी विभिन्न माध्यममा काम गर्छिन्। उनी आफ्ना सिर्जनामा रचनात्मक आत्मालाई प्रतिस्थापन गर्न सक्छिन्। *अन्तर्दृष्टि* लगभग दुई वर्षको कडा परिश्रमको परिणाम हो। संगीले यस गहन कृतिको शृंखलामा आफ्नो शक्तिशाली नारी आत्मालाई चम्काएकी छिन्। संगीको *अन्तर्दृष्टि* एक कलाकारको रूपमा उनको शक्तिको असाधारण प्रदर्शन पनि हो।'

संगी शब्दहरू समाप्त हुने बिन्दुबाट कला सुरु हुने बताउँछिन्। 'कला त्यहाँबाट सुरु हुन्छ, जहाँ शब्द समाप्त हुन्छन्' कलाकार संगी आफ्नो कलाकर्मका बारेमा भन्छिन्, 'म विश्वास गर्छु कि कलाको भाषा शब्दभन्दा पर हुन्छ। यसले प्रत्येक व्यक्तिलाई आफ्नै तरिकाले प्रभाव पारिराख्नेको हुन्छ। प्रत्येक ब्रस स्ट्रोक, प्रत्येक माटोको आकारमा भावना समाहित हुन्छ। मेरा सिर्जना व्याख्यामा सीमित होस् भन्ने म चाहँदिनँ बरू यसले दर्शकसँग सहज रूपमा सिधै भावनात्मक र आत्मिक रूपमा संवाद गरोस् भन्ने चाहन्छु। जसरी संसार विविधताले भरिएको छ, मेरा सिर्जना पनि त्यस्ता छन्। म प्रत्येक कृतिमा विविधता होस भन्ने चाहन्छु। प्रत्येक सिर्जनाले बेग्लाबेग्लै कथाको अनुभूति गराओस् भन्ने कोसिस गर्छु। म मेरा सिर्जनालाई शब्दका सीमित घेराभित्र कैद गर्न पनि चाहन्नँ। मेरा सिर्जनाले दर्शकसँग आफैं संवाद गरोस् भन्नेतर्फ जोड दिन्छु। दर्शकहरू पूर्वधारणाबिना कलादीर्घामा आऊन् र यी कलाकृतिमा आफ्ना आन्तरिक संसार अनि भावना सहज रूपमा महसुस गरुन्।'

जेसिकाले त्यागिन् मिस ग्रयान्ड नेपालको ताज

मिस ग्राण्ड नेपाल तथा *मिस विभा* २०२५ जेसिका सिंह ठकुरीले आयोजकबाट निरन्तर मानसिक यातना र दुर्व्यवहार खेप्नुपरेको आरोप लगाउँदै आफ्नो ताज त्यागेको जनाएकी छन्।

उनले सामाजिक सञ्जालमार्फत एक भिडियो सार्वजनिक गर्दै लामो समयदेखि आयोजकले आफूलाई धम्की र मानसिक तनाव दिएकाले ताज त्यागेको घोषणा गरेकी हुन्। 'म मेरो टाइटल *मिस ग्राण्ड नेपाल मिस विभा* २०२५ बाट राजीनामा दिँदैछु। यो निर्णय सजिलो नभए पनि आत्मसम्मान र अन्य महिलाको सुरक्षाका लागि आवाज उठाएकी हुँ' उनले भनेकी छिन्। भिडियोमार्फत जेसिकाले जनाएअनुसार उनलाई प्रतियोगिताका क्रममा टिकट बेच्न र किन्न दबाब दिइएको तथा टिकट व्यवस्थापन गर्न नसके टप टेनभित्र समेत नराख्ने चेतावनी आयोजकले दिएका थिए।

आयोजकले थाइल्यान्डमा हुने अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि कपडा, स्टाइलिङ र अन्य व्यवस्थापन गरिदिने आश्वासन दिए पनि सबै कुरा आफैं मिलाउन भनिएको उनले बताएकी छन्। 'म थाइल्यान्डमा भावनात्मक रूपमा थकित भएर गएकी थिएँ, बिस्तारै मानसिकहरूलाई मेरो अवस्थाबारे थाहा पाएँ। थाई डिजाइनर, स्टाइलिस्ट र दयालु व्यक्तिहरू आफैं मेरो नजिक आए। उनीहरूको सहयोगबिना मलाई थाहा छैन, म त्यो अन्तर्राष्ट्रिय मञ्चमा कसरी आत्मविश्वासका साथ उभिन सक्थें' उनले भिडियोमा भनेकी छन्। प्रतियोगिताको प्रारम्भिक चरणअघि नै नेपाल फर्काइदिने धम्की दिइएको दाबी गर्दै उनले त्यो समय जीवनकै सबैभन्दा कठिन क्षण भएको उल्लेख गरेकी छिन्।

मिस ग्राण्ड नेपाल उमंग क्रियसनद्वारा आयोजना गरिने सौन्दर्य प्रतियोगिता हो। सन् २०२३ सम्म यसका विजेतालाई *मिस युनिभर्स*मा सहभागी हुन पठाउने गरिए पनि त्यसयता भने *मिस ग्राण्ड इन्टरनेशनल*मा पठाउने गरिएको छ।

राहुल मोटरसाइकल वर्क शप प्रा.लि. प्रा. लि.
खारेजी (लिक्विडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०८/१८ मा दर्ता भएको प्रा. लि. नं. १४२२७४/०७२/०७३ को राहुल मोटरसाइकल वर्क शप प्रा. लि. लाई खारेजी (लिक्विडेशन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८२/११/०६ गतेको विशेष साधारणसभाले निर्णय गरेकोले तिर्न व्यहोर्न पर्ने ऋण, धन एवं कोटि/कर्जैको कुनै किसिमको लेनदेन, बाँकी वक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

लिक्विडेटर, बिनोद कुमार
प्र.प.नं. ५९३, मो.नं. ९८५१०६४६२०

Gandaki Province Government
Ministry of Physical Infrastructure Development & Transport Management
Infrastructure Development Office, Syangja

Invitation for Bids

Date of Publication: 2082-11-13 (2026 February 25)

Infrastructure Development Office, Syangja invites **online bids** under e-procurement system from eligible bidders for the construction of the projects mentioned below under National Competitive Bidding procedures.

S.No.	Name of Project	Contract ID	Estimated Cost in NRs. (Inclusive of VAT and PS)	Bid Security (NRs)	Remarks
1.	Phedikhola Gaunpalika Kendrako Chakrapath Nirman, Phedikhola, Syangja	IDOSYANGJA/NCB/W/R/72/082/83	4,869,753.78	125,000.00	
2.	Bagalthok Ringroad Staronnati Barkobot Khanda Putalibazar 11 Ra Dhadko Chautari Silalbari Bato Nirman Putalibazar 11	IDOSYANGJA/NCB/W/R/73/082/83	4,869,255.54	125,000.00	
3.	Rangkhola- Biruwa (Dhobadibhanjyang-Biruwa Khanda) Sadak Marmat Sambhar, Syangja	IDOSYANGJA/NCB/W/R/75/082/83	2,432,911.42	63,000.00	
4.	Galyang-Chapakot Sadak Marmat Sambhar (Pahilo Khanda), Galyang Na.Pa., Syangja	IDOSYANGJA/NCB/W/R/76/082/83	2,434,980.81	63,000.00	
5.	Dumriswara Arlung Bhutunjyang Lankakot Sadak Staronnati Waling Na. Pa. 13,14 Syangja	IDOSYANGJA/NCB/W/R/78/082/83	4,870,563.30	125,000.00	

Last Date of Bid Submission for NCB : **2082-12-15 (2026 March 29), 12:00 P.M.**

All other information and Bid Documents can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

Office Chief
IDO Syangja

Godawari Municipality
Office of Municipal Executive
Bajrabarahi, Lalitpur
Bagmati Province, Nepal

Invitation for Bids (IFB)

Date of publication: - 2082/11/13 B.S. (2026/02/25 A.D.)

1. The Godawari Municipality has allocated funds towards the cost of the Following project specified in table below and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible Nepalese Bidders.
2. The Godawari Municipality, Office of Municipal Executive, Bajrabarahi, Lalitpur invites electronic bids only for the Construction of the following project under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

A. Single Stage: Single-Envelope Bidding Procedure

S. N.	Contract Identification No.	Name of Project	Estimate Amounts NRs (Including VAT and PS)	Cost of Bidding Document NRs	Bid Security NRs	Date of Pre-bid Meeting	Last Date and Time of Bid Submission	Bid opening Date and Time	Remarks
1	Godawarimun/lalitpur/W/NCB/31/082/83	Construction of Pond and Park behind Godawari Municipality Office Building, Godawari Municipality-11, Lalitpur	2,923,697.09/-	3,000/-	65,000/-	2082/12/05 BS (2026/03/19 AD) Time: 13:00 hrs.	2082/12/15 BS (2026/03/29 AD) Time 12:00 hrs.	2082/12/15 BS (2026/03/29 AD) Time: 13:00 hrs.	

3. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
5. Eligible Bidders may obtain further information from the Godawari Municipality, Office of the Municipal Executive, Bajrabarahi, Lalitpur, Phone No. 01-5572592 during office hour. or may visit PPMO website:- **www.bolpatra.gov.np/egp/**
6. For more details about the Invitation for Bids (IFB), Bidders can go through the Bidding Documents.
7. Other mandatory information as per PPA and PPR.

Chief Administrative Officer